# लोग्नेमानिस र स्वास्नीमानिस निबन्धमा लैङ्गिक अध्ययन

*कल्पना लुइटेल, पिएच.डी* *

***Article History:*** *Received 7 Sep. 2021; Reviewed 13 Oct. 2021; Revised 13 Nov. 2021; Accepted 17 Dec. 2021.*

## *लेखसार*

*प्रगतिवादी साहित्यकार श्यामप्रसाद शर्मा मूलतः निबन्धकार हुन् । उनका निबन्धमा शोषित, पीडित, उत्पीडित वर्गले खेप्नुपरेका विभिन्न समस्यालाई विषयवस्तुका रूपमा प्रस्तुत गरेको पाइन्छ । नेपाली समाजमा विद्यमान लैङ्गिक भेदभाव र शोषणलाई शर्माले विभिन्न उदाहरणकासाथ प्रस्तुत गरेका छन् । उनी लैङ्गिक शोषण र भेदभावको अन्त्य भई समानतामूलक उन्नत समाज निर्माण गर्नुपर्ने उद्धेश्यकासाथ निबन्ध रचना गर्ने निबन्धकार हुन् । शर्माका प्रकाशित निबन्धसङ्ग्रहमा अधिकांश शीर्षक नारीलाई केन्द्र बनाएर लेखिएका नारीवादी छन् । शर्माका विचारमा नर र नारी समाजरूपी रथका दुई पाङ्ग्रा हुन् । नेपाली समाजमा नारी रूपी रथको पाङ्ग्रा बिग्रेको जस्तो देखिन्छ । किनकी तत्कालीन नेपाली समाजका नारी आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक, सांस्कृतिक आदि सबै क्षेत्रमा धेरै नै पछाडि पेरका तथा पारिएका छन् । यस निबन्धमा नारीको अवस्था अत्यन्त कमजोर रहेको देखाउन निबन्धकार सफल भएका छन् । जबसम्म समाजरूपी रथका यी दुवै पाङ्ग्रा समान र बराबरीको हैसियतमा आउँदैनन् तबसम्म समाज तथा देश सम्पन्न बन्न सक्दैन् भन्ने मान्यता यस निबन्धमा प्रस्तुत भएको छ । लोग्नेमानिस र स्वास्नीमानिस निबन्धमा हाम्रो समाजका नारीहरूको अवस्था ज्यादै दयनीय भएको देखाउँदै नारीहरूलाई तिमीहरू प्राकृतिक रूपमा समान हौ; तिमीहरूलाई यहाँको समाजव्यवस्थाले र राज्यव्यवस्थाले जालझेल, षडयन्त्र गरेर पछि पारेको हो भन्ने पुष्टि गरिएको छ । नारीहरू चुप लागेर नबस आफ्नो अधिकार लिन अगाडि बढ भन्ने कुरामा सचेत गराउने सन्दर्भ यस निबन्धमा प्रतिबिम्बन भएको देखिन्छ ।*

*शब्दकुञ्जीः लोग्ने, स्वास्नी, नारीवाद, लैङ्गिक, चिन्तन*

## विषय परिचय

साहित्यकार श्यामप्रसाद शर्माको जन्म वि.सं.१९८६ असार ६ गते तत्कालीन ललितपुर हाल मकवानपुर जिल्लामा पिता जोगनाथ उपाध्याय र माता हुतुकुमारी देवीका कोखबाट भएको हो (उपाध्याय, २०७३ : ६) । उनको मृत्यु वि.सं. २०७४ वैशाख २४ गते काठमाडौँमा भयो । निम्नवर्गीय परिवारमा जन्मिएका शर्माले बडो सङ्घर्षकासाथ माध्यमिक तहसम्मको औपचारिक शिक्षा लिनसके पनि स्वाध्यायनबाट विशिष्ट क्षमता हासिल गरेका छन् (भट्ट, २०६२ : ३९) । वि.सं. २००१ सालमा 'गाउँको सफाइ' नामक रचनाबाट नेपाली साहित्यमा उदाएका शर्माको पहिलो साहित्यिक रचना भने वि.सं. २००२ मा उदय पत्रिकामा प्रकाशित हिन्दी कविताको अनुवाद हो (अधिकारी, २०६९ : १४(१५) । नेपाली निबन्धका क्षेत्रमा श्यामप्रसाद शर्माको आगमन आधुनिक नेपाली निबन्धको दोस्रो चरण वि.सं. (२००४) पछि प्रगतिवादी फाँटमा हृदयचन्द्रसिंह प्रधानकै प्रगतिवादी परम्परामा भएको हो (पाण्डेय, २०५४ : १६) । शर्माको पहिलो प्रकाशित निबन्ध 'ग्राम्य शिक्षा' (२००४) हो । उनको पहिलो निबन्धसङ्ग्रह भने (२००८) सालमा प्रकाशित भएको 'बहिनीलाई चिठी भाग १' हो । वस्तुपरक, आत्मपरक, बालशिक्षा, महिलाका हक अधिकारका पक्षमा वकालत गरेर निबन्ध

* सह-प्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस (मानविकी सङ्काय, नेपाली विभाग), त्रिभुवन विश्वविद्यालय, नेपाल ।

रचना गरेका शर्माका बहिनीलाई 'चिठी भाग १' (२००८), 'बहिनीलाई चिठी भाग २' (२०१२), 'तँ, तिमी, तपाई ( हजुर', (२०१४), 'मेरी आमा' (२०२३), 'धनीको पनि ओड लिने ?' (२०४८), 'सबैका लगि घर' ( २०४९), 'उनी कति राम्री' (२०५२) निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । उनको प्रस्तुत लोग्नेमानिस र स्वास्नीमानिस निबन्ध २००८ सालको बहिनीलाई चिठी भाग १ मा सङ्कलित पत्र साहित्य हो । प्रस्तुत निबन्धमा नेपालका नारीमाथि गरिने असमान व्यवहारको विरोध गर्दै समानतामूलक समाज निर्माण गर्नुपर्ने उद्धेश्य देखिन्छ ।

महिला र पुरुषले निर्वाह गर्नुपर्ने भूमिका अलग अलग हुने भएकाले समाजले महिला र पुरुषबाट अपेक्षा गरेको भूमिकालाई जेन्डर अर्थात् लिङ्ग भनिन्छ । यो शब्दले महिला र पुरुषको सामाजिक, सांस्कृतिक, आर्थिक विशेषता पनि जनाउँछ । जेन्डर महिला र पुरषसँग जोडिएर आउने सांस्कृतिक मूल्यमान्यता तथा विशेषताको समष्टि रूप हो (चौलागाई र अन्य, २०६० : १) । लैङ्गिक अध्ययनले समाजमा महिला र पुरुषको समान दायित्व हुन्छ र हुनुपर्दछ भन्ने मान्यता राख्दछ । समाजमा महिलाले श्रम बढी गर्ने तर फाइदा लिने ठाउँमा आर्थिक क्रियाकलापमा पुरुष अगाडि हुने हुँदा महिलालाई समान हैसियतमा पुचाउनुपर्छ भन्ने दृष्टिकोण यस निबन्धले लिएको देखिन्छ । सबै असमान शक्तिसम्बन्ध तथा पुरुषप्रधान समाजका कारण महिला विभेदमा परेका हुन भन्ने विचार यस निबन्धमा प्रकट भएको छ । यसका लागि महिलालाई सशक्तीकरण गरेर पुरुषसमान बनाउनुपर्छ भन्ने मान्यता लैङ्गिक अध्ययनले राख्दछ (चौलागाई र अन्य, २०६० : ५) । यस अध्ययनमा श्यामप्रसाद शर्माको लोग्नेमानिस र स्वास्नीमानिस निबन्धको लैङ्गिक अवधारणाको आधारमा अध्ययन गरिने छ ।

## समस्याकथन

लोग्नेमानिस र स्वास्नीमानिस (२००८) निबन्धमा लैङ्गिक उपस्थितिको अध्ययन निम्न समस्यामा केन्द्रित रही गरिने छ :

(क) श्यामप्रसाद शर्माको लोग्नेमानिस र स्वास्नीमानिस निबन्ध लैङ्गिक दष्टिले के कस्तो रूपमा प्रस्तुत भएको छ ?

## अध्ययनको उद्देश्य

नेपाली साहित्यको विशेषतः निबन्ध विधामा सशक्त कलम चलाएका शर्माका सातओटा निबन्धसङ्ग्रहमा चार ओटा सङ्ग्रहको नाम स्त्रीलिङ्गी रहेका छन् । उनले महिला मुक्तिसम्बन्धी प्रशस्त लेखरचना पनि प्रकाशित गरेका छन् । हरेक गतिविधिमा लैङ्गिक समानता हुनुपर्ने लोग्नेमानिस र स्वास्नीमानिस, आईमाई साथीजस्ता प्रशस्तै निबन्ध रचना गरेका शर्माको लोग्नेमानिस र स्वास्नीमानिस निबन्धमा लैङ्गिकता सम्बन्धि निम्न उद्देश्यतर्फ अनुसन्धान केन्द्रित रहने छ -

(क) श्यामप्रसाद शर्माको लोग्नेमानिस र स्वास्नीमानिस निबन्धको लैङ्गिक दृष्टिले अध्ययन गर्नु ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा श्यामप्रसाद शर्माको लोग्नेमानिस र स्वास्नीमानिस निबन्धलाई आधार सामग्री बनाइएको छ । उक्त शीर्षकसँग सम्बन्धित लेख, पुस्तक आदिको अध्ययनबाट प्राप्त सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत सामग्री मूलतः पुस्तकालयीय अध्ययन कार्यबाट सम्पन्न गरिएको छ ।

## सैद्धान्तिक आधार

लैङ्गिक सन्दर्भ, लैङ्गिक सम्बन्ध, लैङ्गिक भूमिका, वर्गीय र लिङ्गीय सम्बन्ध, पुरुष महिला समभाव, लैङ्गिक हिंसा र आपराधीकरण, लैङ्गिक संचेतना, चरित्रहरूको लिङ्गीय आधार र चरित्र चित्रण, लिङ्गीय दृष्टिकोण, लिङ्ग सम्बन्धी लेखकीय दृष्टिकोणका आधारमा अध्ययन गरिने छ ।

## लोग्नेमानिस र स्वास्नीमानिस निबन्धको लैङ्गिक सन्दर्भ

श्यामप्रसाद शर्माद्वारा लेखिएको लोग्नेमानिस र स्वास्नीमानिस पत्रात्मक शैलीको निबन्धमा लैङ्गिक सन्दर्भ शक्तिशाली रूपमा प्रस्तुत भएको छ । यस निबन्धको शीर्षक लोग्नेमानिस र स्वास्नीमानिसले नै लैङ्गिक समभाव दर्शाएको छ । तत्कालीन पुरुषप्रधान नेपाली समाजमा पुरुषको मात्र अहंम भूमिका रहने परम्परामा महिलाको भूमिका पनि समान रहनुपर्ने सङ्केत शीर्षकबाट नै पुष्टि हुन्छ । मार्क्सवादी चिन्तन र चेतनाबाट अभिप्रेरित भएर प्रस्तुत निबन्ध रचना भएको पाइन्छ । लैङ्गिक दृष्टिले पछि परेका स्त्री जातीलाई प्रधानता दिएर प्राकृतिक, धार्मिक, सामाजिक रूपमा नारी र पुरुष समान हुन् र हुनुपर्छ भन्ने चिन्तनमा यो निबन्ध रचना भएको देखिन्छ । समाजका छोरी र बुहारीमाथि गरिने अपमानजनक व्यवहार बन्द गरी नर र नारी एक–अर्काका परिपूरक हुन् भन्ने बुझाउने उद्धेश्यले प्रस्तुत निबन्ध रचना भएको मत (पाण्डेय, २०५४ : ५७) उपर्युक्त देखिन्छ । लोग्नेमानिस रस्वास्नीमानिस दुवैलाई समान व्यवहार गरिनुपर्छ भन्ने नारीको भूमिकामा जोड दिइएका निबन्धमा लैङ्गिक सन्दर्भका नवीन पक्षहरूका आधारमा तल अध्ययन गरिने छ ।

## लैङ्गिक सम्बन्ध

पारिवारिक सम्बन्धका दृष्टिले निबन्धमा भानिज दाइ (फुपुको छोरो) र बहिनी (मामाकी छोरी) गरी दुई पात्र आएका छन् । यो सम्बन्ध पारिवारिक सत्ता संरचनामा आधारित छ । यहाँ बहिनीले ‘म बहिनी नभएर भाइ हुन पाएको भए कति बेस हुने थियो !’ (पृ.१) भन्ने पत्रको जवाफ फर्काउँदै भान्दाइले तिमीमात्रै होइन नेपालका सबै महिलाको अवस्था उस्तै दयनीय, शोषित, पीडित छ भन्ने सन्दभबार्ट नेपालका अधिकांश स्वास्नीमान्छेले नेपाली समाजमा भोग्नुपरेका समस्या तथा अवहेलित हुनुपरेको अवस्थाको प्रकटीकरण गरिएको छ । यस निबन्धमा लोग्नेमानिसको जुनी श्रेष्ठ अर्थात् उच्चकोटिको र स्वास्नीमानिसको जुनी निम्नकोटिको हारेको कर्मका रूपमा विद्यमान भएको चित्रण गरिएको छ । पुरुषप्रधान समाजका लोग्नेमान्छे जन्मजात अधिकार सम्पन्न र स्वास्नीमान्छे जन्मजात परजीवीका रूपमा रहेको देखाउँदै भान्दाजु बहिनीलाई मात्र होइन, नेपालका सबै नारीलाई अधिकार लिन प्रेरित गर्दछ । यहाँ दाजु–बहिनीको सम्बन्ध आत्मीय देखिन्छ । बहिनीले यहाँ नेपाली समाजमा छोरीको जुनी कष्टकर भएको, शोषित र अपहेलित भएको हुँदा आफू छोरी भएर जन्म लिएकोमा आफूलाई दुःख लागेको बताएकी छ । नेपालका प्रायः सबै महिलाको स्थिति उस्तै शोषित, पीडित रहेको बोध गराउँदै, दाइ बहिनीलाई  यसो हुनुमा कर्म खोटी होइन नेपाली समाज र राज्यव्यवस्था दोषी हो भनी बोध गराउँछ । अब महिलाहरू आफ्नो भाग्यलाई खोट लगाउँन छाडेर गुमेको अधिकार लिन तयार हुनुपर्छ भन्ने सन्देश दिन निबन्ध रचना गरेको देखिन्छ ।

प्रस्तुत निबन्धमा नेपाली पुरुषको वर्चस्वशाली अवस्था सामान्ति राज्ययन्त्रको कारण भएको उल्लेख छ । राणाकालीन व्यवस्थामा महिलालाई दासी र भोग्याका रूपमा लिइन्थ्यो । खुट्टा भए जुत्ता कति कति तथा मर्दका दशओटी भन्ने उखान प्रचलित थिए तथा व्यवहार पनि त्यस्तै थियो । यस व्यवस्थाका कारण महिला घरनामक पिंजराका बन्दी भएका थिए । यस निबन्धमा पूँजीवादी सामान्ती व्यवस्थामा नारीहरूको अवस्था

शोषित, पीडित र दयनीय हुने हुँदा समानतामूलक समाज निर्माणका लागि समाजवादी व्यवस्था ल्याउनुपर्ने दाइको अन्तर्य देखिन्छ । नेपालमा भर्खरमात्र प्रजातन्त्रको उदय भए पनि सामान्ति व्यवस्था कायमै रहेकाले लैङ्गिक विभेद यथावत् रहेको देखाइएको छ । निबन्धमा सत्ता र लिङ्गीय सम्बन्धले लिङ्गभेदको सत्ता राजनीति तथा विभेदकारी सामाजिक व्यवस्थालाई स्पष्ट पारेको छ ।

## लैङ्गिक भूमिका

लोग्नेमानिस र स्वास्नीमानिस नारीसमस्यामा केन्द्रीत भएर लेखिएको निबन्ध हो । यस निबन्धमा लैङ्गिक भूमिका परम्परावादी देखाइएको छ । तत्कालीन पुरुषप्रधान नेपाली समाजमा नेपाली महिलाले मान्छेका रूपमा बाँच्न नपाएको अवस्था सङ्केत गरेको देखिन्छ । बहिनीलाई भाइ हुन मन लाग्नु भनेको छोरी भएर जन्मनुमा हीनताबोध भएको देखिन्छ । हुनतः हरेक मान्छेलाई आफुसँग जे छैन्, त्यो चिजको रहर हुने र भएको चिजमा असन्तुष्टि पनि हुने हुनाले बहिनीलाई भाइ हुन मन लागेको हुनसक्छ तर यो निबन्धको पूरै आशय हेर्दा नेपालको राजनैतिक, आर्थिक, सामाजिक सबै स्थानमा पुरुष सत्ता रहको र महिला दोस्रो दर्जाका नागरिक हुने परिस्थिले गर्दा नै बहिनीलाई लोग्नेमानिस हुन मन लागेको देखिन्छ । बहिनीको भनाइबाट तमाम स्वास्नीमानिस जन्मेदेखि नमरुन्जेलसम्म दुःख, कष्ट र वेदनाले जेलिएका छन् भन्ने पुष्टि हुन्छ । यस निबन्धमा नेपाली समाजमा सम्पूर्ण अधिकार पुरुषमा निहित भएको हुँदा महिला अपहेलित, तिरष्कृत, शोषित र पीडित छन् भन्ने पुष्टि गरिएको छ । सामाजिक तथा सांस्कृतिक रूपमा नै स्त्री जाति पछि पारिएका छन् ।  छोरीको जन्म अर्काको घरका लागि हो भन्ने सन्दर्भमा हारेको कर्म भनी बस्नु परेको हो । नेपाली नारीले आफ्नै कारणले दुःख पाएका हुन् भन्ने भान्दाइको विचार देखिन्छ । भान्दाइ नेपालका नारीले अधिकार खोसेर लिन अग्रसर हुनपर्ने विचार भएको  र शिक्षित र समानतामूलक समाज निर्माण गर्न चाहना राख्ने पात्र हो ।  भान्दाइका विचारमा नेपालका नारीले मान्छेको रूपमा बाँच्न पाएका छैनन् । मान्छेको अधिकार पाएका छैनन् भनी सचेत गराउने पात्र भान्दाइ हो । छोरी भएर जन्म लिएकामा पछुतो गर्ने तर विद्रोह गर्न नसक्ने बहिनी परम्परागत पात्र हो । ऊ भाइ हुन चाहने र बहिनी भएकोमा असन्तुष्टी हुने असचेत पात्र हो ।

## वर्गीय र लैङ्गिक समस्याको सहसम्बन्ध

लोग्नेमानिस र स्वास्नीमानिस पत्र साहित्यमा लैङ्गिक समस्या नै प्रमुख रूपमा प्रस्तुत भएको छ । नेपालमा लैङ्गिक दृष्टिले नारीहरू शोषित, पीडित तथा अधिकारवीहिन छन् । नेपाली समाजमा मारे पाप र पाले पुण्य भनेर कन्यादान दिने परम्परा रहेको र त्यो परम्परा अहिलेसम्म जीवित रहेको देखिन्छ । यसै कारण छोरीलाई अर्काको घरको भित्ता टाल्ने जात भनी हेला गरिन्छ । सांस्कृतिक रूपमा पनि नेपालका नारी शोषित छन् । सानै उमेरमा अझ भनौं महिनावारी नभई छोरी कन्यादान गरेमा स्वर्ग गइन्छ भन्ने अन्धविश्वासले तत्कालीन समाजमा जरा गाडेर बसेको थियो । यसै कारण धर्म प्राप्त गर्न छ, सात वर्षको उमेरमा बोली राम्रोसँग नफुट्दै छोरी बिहे गरेर पठाइन्थ्यो र अर्काको घर स्याहार्न तालिम दिइन्थ्यो । स्वास्नीमानिसलाई पुरुषका खुट्टाका जुत्ताका रूपमा हेरिने समयमा रचना भएको प्रस्तुत निबन्धमा घर-घरमा झनै अपमानित भएर; तिरष्कृत भएर बाँच्नुपर्ने अवस्था रहेको देखाइएको छ । त्यस समाजमा महिलाले बोल्नु, हाँस्नु, खेल्नु महाअपराध मानिन्थ्यो । एकछिन मात्रै घरबाट बाहिर निस्केमा महिला घरबाट सदाका लागि खेदिन्थ्ये । उनीहरूको सामाजिक, आर्थिक, राजनैतिक आदि कुनै हैसियत समाजमा थिएन ।

त्यसैले सुरुमा नै बहिनी छोरो भएर नजन्मेकोमा पछुतो गर्न पुगेकी छ । यसरी लिङ्गीय रूपमा महिला शोषित, पीडित छन् भन्ने आशयबाट निबन्ध रचना गरिएको देखिन्छ ।

गरिबी र शोषण नै वर्गीय समाजको चुरो हो । महिलाहरू पछाडि पर्नुको मूल कारण पनि गरिबी र शोषण नै हो (भट्टराई, २०७८ : २८७) भन्ने मत यथार्थपरक देखिन्छ । वर्गीय समाजमा जातीय, लैङ्गिक, धार्मिक, आर्थिक अधिकार केन्द्रित हुने गर्दछ । यो अधिकार पुरुषको हातमा केन्द्रित रहेको छ । महिलाको हातमा आर्थिक, सामाजिक अधिकार नहुनुले उनीहरू उत्पीडित हुन तथा पुरुष उत्पीडक हुन् भन्ने भाव यो निबन्धमा पुष्टि गरिएको छ । नेपालका महिलाहरूमाथि लैङ्गिक दमन छ, त्यसैले बहिनीलाई भाइ नभएकोमा पछुतो भएको हो भन्ने सन्दर्भबाट यस निबन्धमा वर्गीय र लैङ्गिक समस्याको सहसम्बन्ध देखाइएको छ ।

## शोषणको पितृसत्तात्मक रूप

प्रस्तुत निबन्धमा पितृसत्तात्मक शोषण नै लैङ्गिक शोषणको प्रमुख कारण देखिन्छ । तत्कालीन नेपाली समाज पुरुषप्रधान थियो । पुरुष सत्तामा सम्पूर्ण अधिकार पुरुषको मात्र हुन्छ । त्यसैले त्यस समयका नारीमा आर्थिक अधिकार, सामाजिक अधिकार, सांस्कृतिक अधिकार कुनै पनि थिएन । केवल अर्काको सुख र खुसीका लागि कमारीका रूपमा काम गर्नुपर्ने बाध्यता थियो । त्यहाँ महिलाको सन्तान जन्माउने कारखानाका रूपमा बाँचेका थिए ।  त्यो पनि कति जन्माउने, कहिले जन्माउने जस्तो अधिकार महिलाका हातमा थिएन । मर्दका दशवटी भन्ने उखान प्रचलित हुनुले महिला पुरुषको खेलौनाका रूपमा बाँच्नु परेको थियो । अपहेलित र अपमानित हुनुपरेको हो । आँसु चुहाउँदै, बिलौना गर्दै, जीवन धान्नु परेको कारण पितृसत्ताको शोषण हो । तत्कालीन नेपाली समाजमा छोरा जन्मिदा खसी काटेर भोज गर्ने अनि छोरी जन्मदा पूर्व जन्ममा सराप परेर जन्म लिएको, दैवले ठगेको जस्ता अन्धविश्वास हुनु पितृसत्ताको कारण हो । देश अहिले गणतन्त्रात्मक व्यवस्थामा आइपुग्दा पनि छोराको महत्त्व उत्तिकै छ । यस समाजमा छोरी अर्काको नासो हो । छोरीले पढेर के काम ?, छोरीले पढे भने बिग्रिन्छन्, बोक्सी हुन्छन् भन्दै घरधन्दामा निपूर्ण बनाउने, सासु, ससुरा, लोग्ने रिजाउने तालिम दिने सबै पितृसत्ताको कारण हो । भान्दाइ लैङ्गिक दृष्टिले समानतामूलक समाज निर्माण हुनुपर्ने र लैङ्गिक दृष्टिमा छोरा र छोरी समान हुन् त्यसैले लैङ्गिक शोषण हुन नहुने सकारात्मक विचार भएको पात्र हो । पितृसत्ताकै कारण नारी पछाडि परेका हुन र नारीको शोषण गरिनु हुन्न भन्ने निबन्धकारको मुखपात्र भान्दाइ हो । बहिनी परम्परागत चिन्तनकी स्वास्नी मानिसकी प्रतिनिधिमूलक पात्र भए पनि स्त्री भएर जन्म लिएकोमा खुशी नभई विद्रोह गर्न चाहने पात्र हो ।

## पुरुष महिला समभाव

भान्दाइ लैङ्गिक दृष्टिले समानतामूलक समाज निर्माण गर्न चाहने प्रगतिवादी पात्र हो । बहिनी भाइ हुन चाहने र पुरुष शोषण खप्न नचाहने नारी सचेत पात्र हो । दाइ नेपालका अधिकांश महिलाले समाजका हर क्षेत्रमा पुरुष शोषण खेप्नुपरेको उल्लेख गर्दै नारी जातिले यसरी शोषण, दमन र अपमान सहेर बस्नु हुँदैन अधिकार लिन अग्रसर हुनुपर्छ भन्ने सन्देश दिन पुगेको छ । समाजरूपी रथका नारी र पुरुष दुई पाङ्ग्रा हुन् र एउटा पाङ्ग्राले मात्र रथ गुड्न नसक्ने विचार व्यक्त गर्ने भान्दाइका मतमा नर र नारी कसरी सानो र ठूलो हुन सक्छन् यो सबै पितृसत्ताको कारण हो (पृ.२) भन्ने समभाव प्रकट भएको छ । भान्दाइका विचारमा लोग्नेमानिस र स्वास्नीमानिस दुवैको शरीर एकै हो । दुवैको काटे रगत उस्तै आउँछ । दुवै उस्तै प्रक्रियाबाट जन्मिएका हुन् । दुवैका हाड, छाला, रगत मासु उस्तै हो (पृ.२) भन्ने भनाइबाट पनि नारीबिना

पुरुष र पुरुषबिना नारी अपूर्ण हुने हुनाले यी दुवैको समान अस्तित्व छ भन्ने समभाव नै यस निबन्धको मूलभाव हो । साथै समाजमा नारीले पुरुषको बराबर सबै क्षेत्रमा हकअधिकार पाउनुपर्छ भन्ने समभाव देखाउनु नै यस निबन्धको मूलभाव हो ।

## लैङ्गिक हिंसा र आपराधीकरण

लोग्नेमानिस र स्वास्नीमानिस निबन्धमा प्रत्यक्ष पात्रका बिचमा हिंसा नदेखिए पनि महिला हिंसा समाजमा व्याप्त रहेका कारण महिलाहरू अति दुःखी देखिन्छन् । पुरुषप्रधान नेपाली समाजमा महिला हिंसा, दमन, शोषणजस्ता क्रियाकलापबाट महिला पीडित हुने विचार उल्लेख भएको (भट्राई, २०७८:२९०) छ । छोरो जन्मिदा खुशी भएर भोज लगाउने र छोरी जन्मदा दुःखी हुने प्रचलन लैङ्गिक हिंसा नै हो । बहिनी भएर जन्मिएकामा पछुतो मान्नुपर्ने अवस्था तथा भाइ हुँदा खुशी हुनुपर्ने अवस्थाबाट नेपाली समाजमा लैङ्गिक हिंसा टड्कारो रूपमा भएको कुरा निबन्धमा प्रकट भएको छ । 'म तपाईकी बहिनी नभएर भाइ भएको भए कति बेस हुने थियो !'(शर्मा, २०४७ : १) भन्ने भनाइमा नेपाली समाजमा छोरा र छोरीका बिचमा भेदभाव छ अर्थात् स्वास्नीमानिस भएर जन्मनु परेकोमा धेरै स्वास्नीमान्छेले आँसु चुहाएर बस्नुपरेको छ भन्ने भनाइमा लैङ्गिक हिंसा छ भन्ने प्रष्ट हुन्छ ।

लैङ्गिक हिंसा र लैङ्गिक आपराधीकरण नेपाली समाजमा व्याप्त छ भन्ने कुरा निबन्धभर देखिन्छ । महिलाहरू बाँच्न नसकेर आफ्नो जीवनदेखि वाक्क लागेर आत्महत्यासमेत गरिसके । कोही सेरिएर मरे; कोही पासो लाएर, कसैले खोलामा फाल हाले; कसैले बिख खाए" (पृ.२) भन्ने भनाइमा समाजमा हिंसा र आपराधीकरण तीव्र रूपमा छ भन्न सकिन्छ । नेपाली समाजमा महिलाहरू स्वतन्त्र रूपमा हिड्न, डुल्न, बोल्न, लेख्न, पढ्न नपाएर अर्काको घरमा दासीका रूपमा, खुट्टाका जुत्ताका रूपमा बाँच्नु पर्दा आत्महत्या गर्ने अवस्था सृजना भएको हो भन्ने निबन्धकारको मत रहेको छ । तसर्थ यो निबन्धभर लैङ्गिक हिंसा र आपराधीकरणको अवस्था रहेको स्पष्ट हुन्छ ।

## लैङ्गिक संचेतना

लैङ्गिक संचेतना लोग्नेमानिस र स्वास्नीमानिस निबन्धको प्रमुख विषय हो । स्वच्छ र सम्वृद्ध समाज निर्माणका लागि आर्थिक, सामाजिक, सांस्कृतिकजस्तै लैङ्गिक समानता हुनुपर्ने मार्क्सवादी दृष्टिकोण निबन्धभर प्रकट भएको देखिन्छ । बहिनीको अन्तरमनमा भाइप्रति उच्च सम्मानभाव छ । यसो हुनुको कारण यो समाजमा छोरीको कुनै अस्तित्व नहुनु नै हो । उसलाई बहिनी भएर जन्म लिएकोमा पछुतो र खिन्नता महसुस हुनु स्वभाविक देखिन्छ । किनकी छोरीले मान्छेको दर्जा नै पाएका छैनन् । जन्मिदै अर्काको घरमा जाने जात हो भनेर हेला गरिन्छ । अहिले त छोरी जन्माउने आमालाई खान नदिने, घरबाट निकाल्ने र अर्की स्वास्नी भित्र्याउने लोग्ने पाइन्छन् भने यो त आजभन्दा सत्तरी वर्ष अगाडि रचना भएको निबन्ध हो । भान्दाइ यस निबन्धको लैङ्गिक समानता हुनुपर्छ भन्ने सचेत तथा नारीवादी पात्र हो । ऊ नेपालका पहाड, मधेस, काँठ, सहर सबै ठाउँमा नै महिला शोषित, पीडित र लैङ्गिक हिंसाबाट ग्रसित रहेको भाव ( पृ. २) प्रकट गर्न पुगेको छ । समाजमा महिलालाई दबाउन अनेक प्रपञ्च रचिएको र यी प्रपञ्चबाट महिला स्वयम् सचेत भई आफ्नो अधिकार लिन तत्पर हुनुपर्छ भन्ने क्रान्तिकारी पात्रका रूपमा भान्दाइ देखिएको छ । भान्दाइ प्राकृतिक रूपमा पुरुष भए पनि लैङ्गिक दृष्टिमा समानता हुनुपर्ने तथा लैङ्गिक रूपमा समानतामूलक समाज निर्माण हुनुपर्ने संचेतन रूपमा उपस्थित भएको निबन्धकारको मुख पात्र हो । बहिनी आफू शोषित भएको थाहा नपाउने तर महिला हुनुमा पछुतो गर्ने निरीह र असचेत पात्र हो ।

## चरित्रहरूको लिङ्गीय आधार र चरित्र चित्रण

लोग्नेमानिस र स्वास्नीमानिस निबन्धमा भान्दाइ पुरुष र बहिनी स्त्री दुवै लिङ्गको प्रतिनिधित्व भएको छ । यहाँ लोग्नेमानिसका रूपमा नेपाली समाजका सम्पूर्ण पुरुष देखिन्छन् भने स्वास्नीमानिसका रूपमा पनि नेपालका सम्पूर्ण नारी देखिन्छन् । निबन्धमा उपस्थित भान्दाइ र बहिनीमात्र भए पनि निबन्धमा व्यक्त विचारका आधारमा सबै नेपाली महिला शोषित र सबै नेपाली पुरुष शोषकका रूपमा प्रस्तुत गरिएको छ । नेपाली समाजमा जन्मदादेखि नै छोरा र छोरीमा विभेद रहने र छोरीमाथि सामाजिक, सांस्कृतिक, लैङ्गिक विभेद गरिने विचार निबन्धभर प्रकट भएको छ । लैङ्गिक समानताबिना समाजरूपी रथ चल्न नसक्ने भान्दाइको विचार रहेको छ । यहाँ भान्दाइ र बहिनीको चरित्रचित्रण गरिएको छ ।

### भान्दाइ (लोग्नेमानिस)

भान्दाइ यस निबन्धको केन्द्रीय पात्र हो । यो लिङ्गगत रूपमा लोग्नेमानिस हो । नेपालमा नारीहरू आर्थिक रूपमा तथा लैङ्गिक रूपमा शोषित, पीडित छन् भनी सचेत गराउने तथा अधिकार लिन घचघचाउने मार्क्सवादी सिद्धान्त बोकेको क्रान्तिकारी पात्र हो । नारीहरू अपहेलित छन् । नारीहरूमाथि भेदभाव गरिएको छ । छोरी जन्मदादेखि नै विभेदकारी समाजले घृणा गर्ने परम्परा जीवित छ । छोरा जन्मदा खसी काटेर भोज लगाउने छोरी जन्मदा सराप परेको ठान्नेजस्ता समाजका यथार्थ पक्षमाथि आलोचना गर्ने समाजसुधारक पात्र हो । यस्तै छोराछोरी प्राकृतिक रूपमा समान हुन्, हाम्रो विभेदकारी समाजले नै छोरीमाथि अन्याय गरेको हो भन्ने विचार भएको क्रान्तिकारी पात्र हो । यहाँ छोरी मरी भने बाबु-आमा खुशी हुने 'छोरी मरी ठूला घरमा परी' भन्ने अवस्था रहेको तथा यो गलत परम्परा हो भनी उल्लेख गर्ने सकारात्मक सोच भएको नारी र पुरुष बराबर हुन र हुनुपर्दछ भन्ने विचार प्रकट गर्ने निबन्धकारको मुख पात्र हो । नेपाली समाजमा स्वास्नीमानिसलाई साह्रै अप्ठेरो भएको बताउने समाजसुधारक पात्र हो । नेपालका महिलाहरूले बालककालदेखि नमरुन्जेलसम्म नै सधैं अपजस र गाली सुन्नुपर्ने, कमारीजस्तै काममा घोटिनुपर्ने, घरबाट बाहिर स्वतन्त्र हिड्डुल गर्न नपाउँने, सधैं कचकच सुन्नुपर्ने, गाली खानुपर्ने, अनेक खालका शङ्काका घेरामा पर्नुपर्ने परिस्थिति रहेको बताउने लैङ्गिक आधारमा समानतामूलक समाज निर्माण गर्नुपर्छ भन्ने पात्र हो । भान्दाइ छोरीको जन्म हारेको कर्म होइन, कर्ममा चुकेको पनि होइन, भाग्य खोटो पनि होइन यो त सामन्ति समाजको महिलालाई हियाउने, तल पार्ने र नोकर बनाउने जाली कुरा हो । अब महिला आफ्नो अधिकार लिन आफैँ अगाडि बढ्नुपर्छ भनेर बहिनीमार्फत् सबै नेपाली नारीलाई प्रेरित गर्ने सच्चा परिवर्तनकामी र सचेत पात्रका रूपमा यस निबन्धमा प्रस्तुत भएको छ ।

### बहिनी (स्वास्नीमानिस)

बहिनी यस निबन्धकी परम्परागत नेपाली समाजकी स्वास्नीमानिसकी प्रतिनिधिमूलक पात्र हो । नेपाली समाजका आम महिलाहरू जन्मिदै विभेदकारी समाजको सिकार भएका छन् । उसलाई छोरी अभिसाप हुन् र यो समाजले तिरस्कार र घृणामात्र गर्छ भन्ने ज्ञान भएकाले छोरीको रूपमा जन्म लिएकोमा पछुतो छ । त्यसैले यहाँकी बहिनीलाई सानै उमेरमा नै भाइ हुन मन लागेको छ । उसले भाइ हन् मन लागेको कारण त खुलाएकी छैन् तर भान्दाइको जवाफका आधारमा महिलाको कुनै अस्तित्व नस्वीकारीने र दमित रूपमा बाँच्नुपर्ने हुनाले भाइ हुन मन लागेको उल्लेख गरेर पत्र पठाएकी छ । उसलाई स्वास्नीमानिसको जीवनसँग चित्त नबुझेको(पृ.१) देखिन्छ । आम नेपाली महिलाले पिंजराको सुगाजस्तै जीवन जिउन बाध्य भएको कुरा यस निबन्धमा पुष्टि गरिएको छ । नेपाली महिलाका बोल्ने मुख बन्द गरिएका छन् । हिड्ने खुट्टामा ताल्चा ठोकिएका छन् । आफूलाई मन लागेको काम गर्न नपाउने स्थिति छ । पढ्यो भने छोरी बिग्रिन्छन् भनेर

पढ्न नपाउने अवस्थामा बाँचेकी छ । त्यसैले बहिनी यस निबन्धकी विषयवस्तु अनुरूपकी स्वास्नीमानिसको प्रतिनिधित्व गर्ने केन्द्रीय पात्र हो ।
नेपाली समाज पुरुषप्रधान समाज भएको हुँदा यहाँ नेपाली नारीको कुनै क्षेत्रमा पनि अधिकार नरहेको विचार प्रकट गरिएको छ । यिनीहरू घरका चार पर्खालभित्रका बन्दी हुन् । यिनीहरू हरेक दृष्टिले पछि पारिएका छन भन्ने विचार यस निबन्धमा प्रस्तुत भएको छ । नेपाली नारी सानोमा बाबुआमाको निगरानीमा, ठूली भएपछि श्रीमान्को निगरानीमा र बूढी हुँदै गएपछि छोराको निगरानीमा बाँच्नुपर्ने परजीवी पात्र बन्न पुगेको तथा यसो हुनु नहुने दाइको दृष्टिकोण यहाँ प्रकट भएको छ ।

## लिङ्गीय दृष्टिकोण

लोग्नेमानिस र स्वास्नीमानिस पत्र साहित्यिक निबन्धमा प्रर्युक्त लोग्नेमानिसका रूपमा उपस्थित भान्दाइ र स्वास्नीमानिसका रूपमा उपस्थित बहिनीका सम्बन्धबाट लिङ्गीय दृष्टिकोण प्रस्तुत भएको छ । यसमा प्राकृतिक दृष्टिबाट महिला र पुरुष समान हुन भन्ने पुष्टि गर्नका लागि नेपाली समाजमा यो सम्बन्ध सामाजिक रूपमा विभेदकारी र आथिक रूपमा महिलाहरू शोषित, पीडित र दासीका अवस्थामा बाँचेका छन् भन्ने सन्दर्भबाट प्रकट भएको छ ।

## महिलाप्रति पुरुषको दृष्टिकोण

प्रस्तुत निबन्धमा महिलाका रूपमा बहिनी र पुरुषका रूपमा भानिजदाइ अर्थात् मामा(फुपुका छोराछोरी प्रत्यक्ष रूपमा आएका पात्रमाफत् बहिनीप्रति पुरुष अर्थात् भान्दाइको दृष्टिकोण सहानुभूतिशील देखिन्छ । ऊ लिङ्गीय दृष्टिले समतामूलक समाज निर्माण हुनुपर्छ भन्ने प्रगतिवादी पुरुष पात्र हो । नेपालका आम महिलाले दुःख, कष्टपूर्ण जीवन व्यतित गरेको अझ भनौ बाँच्न नसकेर आत्महत्या गर्ने अवस्थामा पुगेको देख्ने भान्दाइ यस निबन्धको उच्च आदर्श बोकेको पुरुष पात्र हो । हुनतः आम नेपाली जनताका छोराछोरीले नै कष्टपूर्ण जीवन व्यतित गरेको समयमा रचना भएको यो निबन्धमा छोरीहरू जन्मदादेखि मर्ने बेलासम्म नै विभेदकारी अवस्थामा रहेका तथा उनीहरूले स्वतन्त्र मान्छेका रूपमा बाँच्न नपाएका अवस्थाको प्रस्तोता पात्र दाइ नारीप्रति सम्वेदनशील पात्रका रूपमा उपस्थित भएको छ । उसका विचारमा नारी र पुरुष बराबर हुन । समाजमा विद्यमान अनेक खालका भनाइ नारीलाई होच्याउने, हियाउने, नारीलाई शोषण गर्ने, नारीलाई सेवक बनाउने जाली प्रपञ्च कुरामात्र हुन् भन्ने कुरामा भान्दाइ सचेत छ । नारीहरूद्वारा अर्थात् सासुबाट पनि बुहारी शोषित छन् तर यो सबै कारण सामान्ति राज्यव्यवस्था हो भन्ने पुरुष पात्र यस्तो विभेदकारी सामान्ति व्यवस्था फालेर समानतामुलक समाज निर्माणमा जुट्न महिलालाई उत्प्रेरित गर्ने मार्क्सवादी चेतनाको पात्र हो । यस्तो विभेदपूर्ण व्यवहार सहेर बस्ने होइन आफ्नो अधिकार लिन आफैं अग्रसर हुनुपर्छ र लैङ्गिक दृष्टिले समतामूलकसमाज बनाउनुपर्छ भन्ने समाजसुधारक पात्रका रूपमा आएको पात्र भान्दाइ हो । उसका विचारमा कोही पनि ठूला र साना हुँदैनन् यो त सामान्ति संस्कारले रचेको प्रपञ्च हो । ऊ महिलालाई सचेत बनाउने र अधिकार लिन उत्प्रेरित गर्ने प्रगतिवादी विचार बोकेको पात्र हो ।

## पुरुषप्रति महिलाको दृष्टिकोण

लोग्नेमानिस र स्वास्नीमानिस पत्र साहित्यिक निबन्धमा प्रर्युक्त महिला बहिनी हो । यस बहिनीका माध्यामबाट आम नेपाली नारीलाई सङ्केत गरिएको छ । यहाँ सम्बोधित बहिनीका विचारमा नेपाली

समाजमा लोग्नेमानिसको जीवन सम्मानित र उच्च कोटीको रहेको देखिन्छ । उसको पुरुषप्रतिको दृष्टिकोण अत्यन्तै सुविधा सम्पन्न र सम्मानजनक भएको विचार यहाँ प्रकट भएको छ । उसका विचारमा छोरो भएर जन्मनु पूर्व जन्ममा गरेको राम्रो कामको फल अर्थात् भाग्य हो र छोरी भएर जन्मनु पूर्व जन्ममा गरेको अपराधको फल अर्थात् सजायँ हो । यो समाजमा छोरीलाई हेय दृष्टिले हेरिने, अपमानजनक रूपमा लिने प्रचलन रहेको हुँदा महिला भएर जन्मनु अपराध हो भन्ने बुझेकी छ । त्यसैले बहिनीलाई छोरीका रूपमा जन्म लिएकामा पछुतो छ । ऊ छोरो हुनुमा गर्व गर्ने र महिलाका रूपमा जन्मनु पछुतो गर्ने आफू शोषित छु भनेर थाह पाएर पनि अधिकार लिन अग्रसर नहुने गतिहीन पात्र हो । महिला भएर बाँच्नुमा उसलाई दुःख लागेको छ ।

## लिङ्गसम्बन्धी लेखकीय दृष्टिकोण

लोग्नेमानिस र स्वास्नीमानिस पत्र साहित्यिक निबन्ध भर्खरै राणाकालीन शासनव्यवस्था अन्त्य भई प्रजातन्त्रको उदय भएको समय (वि.सं.२००८) मा रचना भएको हो । त्यस समयमा सर्वसाधरण नेपालीका छोराछोरीहरूले पनि पढ्ने, लेख्ने, स्वतन्त्र भई हिड्डुल गर्न नसक्ने अवस्था थियो । आर्थिक रूपमा देश जर्जर थियो । सीमित राणाहरूले मात्र पढ्न लेख्न पाउँथ्ये । यस्तो अवस्थाका महिलाहरू त घरभित्रका पिंजडा भएर बाँच्नुपर्ने परिस्थिति थियो । यस निबन्धमा लेखक श्यामप्रसाद शर्माको छोरा र छोरी दुवै समान हुन् र समान हुनुपर्छ तबमात्र समाज समुन्नत हुन्छ भन्ने सकारात्मक लैङ्गिक चिन्तन प्रस्तुत भएको छ । त्यसैले निबन्धकार श्यामप्रसाद शर्माको लैङ्गिक दृष्टिकोण त्यसै अनुरूप प्रतिबिम्बित भएको छ । यस निबन्धको शीर्षक पनि समान हैसियत देखाउने लोग्नेमानिस र स्वास्नीमानिस राखिएको छ । उनी मार्क्सवादी दर्शनमा विश्वास राख्ने प्रगतिवादी लेखक हुन् । मार्क्सवादी सिद्धान्तले समाजमा आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, लैङ्गिक, जातीय कुनै पनि आधारमा विभेदरहित, शोषणमुक्त हुनुपर्छ र समानतामूलक समाज निर्माण हुनुपर्छ भन्ने मान्यता पाइन्छ । तसर्थ यही दर्शनअनुरूपको लेखकीय मान्यतामा यो निबन्ध रचना भएको देखिन्छ । नेपाली समाजमा व्याप्त लैङ्गिक शोषणको अन्त्यका लागि लेखकले प्रस्तुत निबन्ध रचना गरेको देखिन्छ ।

यस निबन्धमा नारी जातीप्रति अन्याय, अत्यचार तीव्र रहेको यथार्थपरक अवस्था देखाउँदै नरनारी समाजरूपी रथका दुई पाङ्ग्रा हुन् । एउटा पाङ्ग्रो पन्चट भएमा रथ अगाडि बढ्न सक्तैन् । त्यसैले समाजरूपी रथका नारीलाई सशक्तीकरण गर्दै समान हैसियतमा पुचाउनुपर्छ भन्ने मान्यता स्थापित गराएका छन् । नारीप्रति अत्यन्तै अग्रगामी र रूपान्तरणकारी दृष्टिकोण यस निबन्धमा प्रस्तुत भएको छ । निबन्धमा नारीलाई अत्यन्तै उच्च महत्त्व दिएर निबन्ध रचना गरेको देखिन्छ । लेखकको लैङ्गिक दृष्टिकोण उच्च प्रकारको पाइन्छ । नर र नारी एकअर्कोका परिपुरक हुन् । एकको अभावमा अर्कोको कुनै अस्तित्व छैन् । त्यसैले नरनारी समान हुन् र समान हुनुपर्छ भन्ने लेखकीय दृष्टिकोण उच्चकोटिको रहेको छ ।

## निष्कर्ष

लोग्नेमानिस र स्वास्नीमानिस श्यामप्रसाद शर्माद्वारा रचना भएको लघु आयामको पत्र साहित्यिमा आधारित निबन्ध हो । यस निबन्धमा लोग्नेमानिसका रूपमा भान्दाइ र स्वास्नीमानिसका रूपमा मामाकी छोरी बहिनी मुख्यत दुई पात्र आएका छन् । यी दुई पात्र प्रतिनिधिमूलक छन् । यहाँ सामन्ति समाज, संस्कार र व्यवस्थाका कारण नारी र पुरुषका बिचमा लैङ्गिक विभेद रहेको चित्रण गरिएको छ । यहाँ भान्दाइ र बहिनी दुई पात्रमात्र आए पनि नेपाली समाजका सम्पूर्ण लोग्नेमानिस र स्वास्नीमानिसलाई सङ्केत गरिएको

छ । भर्खरै देशमा राणाशासनको अन्त्य भई प्रजातन्त्र आएको समयमा रचना भएको यस निबन्धमा नेपाली नारीहरूको अवस्था ज्यादै नै दयनीय, कष्टकर थियो भन्ने देखाइएको छ । नेपाली समाजमा छोरी भएर जन्मनु पूर्व जन्मको पाप हो भन्ने अवस्था देखाइएको छ । बाँच्न नसकेर आत्महत्या गरेर धेरै छोरीहरू मर्न बाध्य भएको यथार्थ परिस्थिति यस निबन्धमा प्रकट भएको छ । लेखकले भान्दाइमार्फत् नर र नारी प्राकृतिक रूपमा समान हुन र दुवैले समान सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक अधिकार पाउनुपर्छ भन्ने मान्यता पुष्टि गर्नका लागि प्रस्तुत निबन्ध रचना गरेको देखिन्छ । भान्दाइ लेखकको मुख पात्रका रूपमा नेपाली समाजमा लैङ्गिक विभेद रहेको देखाउँदै लैङ्गिक विभेद अन्त्य हुनुपर्छ भन्ने मान्यता बोकेको पात्र हो । बहिनी अशिक्षित, चेतनाशून्य परम्परित पात्र हो । यहाँ पुरुष (दाइ) स्वयम् लैङ्गिक विभेदरहित समाज स्थापित गराउन चाहने उद्देश्य बोकेको पात्रका माध्यामबाट समानतामूलक समाज निर्माण गर्ने निबन्धकारको विचार निबन्धभर प्रकट भएको छ ।

**शब्दकुञ्जि :** लैङ्गिक सन्दर्भ, जेन्डर, सशक्तीकरण, प्रतिबिम्बन, लैङ्गिक सन्दर्भ, लैङ्गिक सम्बन्ध, वर्गीय र लिङ्गीय सम्बन्ध, पुरुष महिला समभाव, लैङ्गिक हिंसा र आपराधीकरण, लैङ्गिक संचेतना, चरित्रहरूको लिङ्गीय आधार र लिङ्गीय दृष्टिकोण,

## सन्दर्भ-सामग्री


उपाध्याय, जगतप्रसाद. (२०७३). **साहित्यकार *श्यामप्रसाद सङ्क्षिप्त परिचय*** .काठमाण्डौं : साहित्यकार श्यामप्रसाद राष्ट्रिय अभिनन्दन मूल समिति ।

गिरी, जीवेन्द्रदेव. (२०६९). *रचनामा विवेचना.* (प्र.सं.) काठमाण्डौं : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र ।

गिरी, जीवेन्द्रदेव. (२०६९). *नेपाली प्रगतिवादी साहित्यका विशिष्ट आयाम.* काठमाण्डौं : मध्य पश्चिमाञ्चल साहित्य परिषद् ।(

चौलागाई र अन्य, तिलकप्रसाद, नानीराम, केशवराज.(२०६०), *लैङ्गिक अध्ययन* : समाजशास्त्रीय विश्लेषण.काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

थापा, धर्मराज. (२०६२). परिवर्तनको शङ्ख फुक्ने साथी. *नागार्जुन साहित्यिक* त्रैमासिक (वर्ष ४, अङ्क- १, पूर्णाङ्क- ११.) ।

दुवाल, मोहन. (२०६८). ***ज्ञानगुनका कुरा.*** (भाग १५१. श्यामप्रसाद अङ्क ७). काठमाण्डौं : ज्ञानगुन प्रकाशन ।

पाण्डेय, डिल्लीप्रसाद. (२०५४). "**श्यामप्रसाद शर्माको निबन्धकारिता**". अप्रकाशित शोधप्रबन्ध, त्रि.त्रि. मा प्रस्तुत प्रेक्षित, जगतप्रसाद. (२०६२).*वैचारिक निष्ठाका सगरमाथा : श्यामप्रसाद.*नागार्जुन साहित्यिक त्रैमासिक (वर्ष ४, अङ्क- १, पूर्णाङ्क- ११.) ।

भट्ट, आनन्ददेव. (२०६२). "श्यामप्रसाद लामिछाने एक अवलोकन". *नागार्जुन साहित्यिक* त्रैमासिक -वर्ष ४, अङ्क- १, पूर्णाङ्क- ११.।

भट्टराई, रमेशप्रसाद. (२०७८). *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक विश्लेषण.*(दो.सं)., काठमाडौं : भुँडीपुराण प्रकाशन ।

विकल, रमेश. (२०४७). ***श्यामप्रसाद विश्लेष्ण र मूल्याङ्कन.*** काठमाण्डौं : नेपाल मैत्री प्रकाशन ।

शर्मा, तारानाथ. (२०५१) . ***नेपाली साहित्यको इतिहास.*** (तृ.सं.). काठमाण्डौं : नवीन प्रकाशन ।

शर्मा, श्यामप्रसाद. (२०४७). *बहिनीलाई चिठी* (संयुक्त). काठमाडौं : अखिल नेपाल महिला सङ्घ ।

सुवेदी, राजेन्द्र. (२०४३).**स्रष्टा- *सृष्टि, द्रष्टा-दृष्टि*** . (प्र.सं). काठमाण्डौं : साभा प्रकाशन ।